# छतिवन ताल संरक्षण नहुँदा पुरिँदै

विमल विष्ट, डोटी

जोरायल गाउँगालिका-२ छतिवनमा रहेको ऐतिहासिक महत्व बोकेको छतिवन तालको स्थानीय एवं केन्द्र स्तरबाट प्रचार-प्रसार हुन नसक्दा आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न सकेका छैनन्। उक्त तालकै नामबाट यस अघि यहाँ छतिवन गाविस राखिएको थियो।

अहिले उक्त ताल पर्यटकको पर्खाइमा रहेको छ। तालको गहिराइ कति छ भन्ने अहिलेसम्म कसैलाई थाहा नभएको तथा प्रचुर पर्यटकीय सम्भावना बोकेको तालको संरक्षण तथा प्रचार-प्रसार हुन नसक्दा पर्यटक भित्राउन नसकिएको स्थानीयवासी योगेन्द्र मल्लले बताउनुभयो। 'तालका विषयमा विभिन्न किम्वदन्ति रहे पनि उक्त ताल कति गहिरो छ। अहिलेसम्म कसैलाई जानकारी छैन, ताल संरक्षण नहुँदा विस्तारै पुरिँदै गएको छ।' -उहाँले भन्नुभयो।

जोरायल क्षेत्रमा रहेको छतिवन ताल, छहरा झर्ना, बास्मती धानको प्रचार-प्रसार गर्न सक्ने हो भने पर्यटकलाई तान्न सकिने जोरायल-१ का स्थानीयवासी तथा युवा नेता किरण मल्लले बताउनुभयो। उता, जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा छतिवन तला लगायतका यहाँका सम्पूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचार-प्रसार तथा थप स्तरोन्नतिका लागि गाउँपालिकाले विभिन्न योजना अघि बढाएको बताउनुभएको छ।

मध्य पहाडी क्षेत्रमा रहेको ऐतिहासिक महत्व बोकेको छतिवन तालको संरक्षण तालको सुन्दरता र अस्तित्व नै संकटमा पर्दै गएको बुडरका स्थानीय लोकबहादुर मल्लले बताउनुभयो। तालमा आवश्यक पूर्वाधार निर्माण गर्न विभिन्न निकायसँग समन्वय गरेको भए पनि कतैबाट सहयोग नमिलेको उहाँको कथन छ।



गर्न सकेको खण्डमा सुदूरपश्चिम प्रदेशको धार्मिक पर्यटनको विकासमा टेवा पुग्ने सरोकारवालाहरू बताउँछन्। उच्च ठाउँमा रहेको उक्त तालमा कहाँबाट पानी आउँछ र कहाँ जान्छ भन्ने अहिलेसम्म कसैलाई जानकारी नभएको स्थानीयवासी बताउँछन्।

अग्लो डाँडामा रहेको र पर्यटकलाई मोहनी लगाउने उक्त तालको संरक्षण र प्रचारमा स्थानीय तहको ध्यान नपुगेपछि जोरायल गाउँपालिकाको पहलमा उक्त तालमा एक डुंगाको व्यवस्था गरिए पनि डुंगा चलाउने व्यक्ति नभएका कारण डुंगा चलाउनसमेत कठिनाइ भइरहेको छतिवनका स्थानीय रोहित बोहराले बताउनुभयो।

पछिल्लो समय त्यस क्षेत्रका विभिन्न विद्यालय तथा कर्मचारीको वनभोज तथा घुम्नका लागि प्रमुख गन्तव्यका रूपमा विकास हुन थालेको छ।

# वितरण भइसकेको जग्गाधनी निस्सा बदर

माधव पोखरेल, उदयपुर

त्रियुगा नगरपालिकाले ९ नम्बर वडाको गैरुनस्थित इटाभट्टा दक्षिण तर्फको खेलमैदान अनुमानित ७ बिघा र विद्यालयको जग्गाको वितरण गरिएको निस्सा बदर गरेको छ।

विद्यालयको जग्गा संरक्षण गर्ने प्रयोजनमा छुट्याएको जग्गा सरस्वती टोल विकास संस्था क्षेत्रमा पर्ने ऐलानी जग्गा नाप फाराम भरी जाँच गरी कम्प्युटर प्रविष्ट गरेर वितरण गरिएको जग्गाधनी निस्सा एक सूचना निकालेर बदर गरेको जनाएको हो।

यही असार १९ गतेको मिति राखेर त्रियुगा नगरपालिकाको भूमि व्यवस्था शाखाले निकालेको उक्त सूचनामा शाखा प्रमुख इन्जिनियर रूपक तिम्सिनाले हस्ताक्षर गर्नुभएको छ। सो जग्गा सरस्वती टोल विकास संस्थाभित्र पर्ने ऐलानी जग्गा रहेको बताइएको छ। विद्यालयको जग्गा संरक्षण गर्ने उद्देश्यले फाराम भरी नाप जाँच गरी कम्प्युटरमा समेत प्रविष्ट गरी निस्सा वितरण गरिएको सूचनामा उल्लेख छ।

गत जेठ २९ गते बसेको कार्यपालिकाको ६२औं बैठकले निस्सा बदर गर्ने निर्णय गरी संरक्षण गर्ने निर्णय भएकाले ४ बिघा ८ कठ्ठा ३ धुर जग्गा १७ जनाका नाममा निस्सा वितरण गरिएको हुँदा सो बदर भएको विज्ञप्तिमा जनाइएको छ। जग्गा धनी निस्सा पाएर निस्सा बदर हुने सुकुम्बासी तथा अव्यवस्थित बसोबासी किसानमा इन्द्रबहादुर राई, मदनबहादुर राई, पर्शुराम राई, मोहनकुमार राई, रामकुमारी राई, पदमसेर राई रहेका छन्।

यसै गरी, रूपमान राई गीता राई, देवेन्द्र राई, कल्पना राई, प्रकाश विक, कमलबहादुर मगर, निरज राईले प्राप्त गरेका जग्गाधनी निस्सा पनि बदर भएको छ।

यस्तै, जग्गाधनी निस्सा बदर हुनेहरूमा टंकबहादुर सार्की, केशरकुमार राई, हिम कुमारी राई मगर र दिर्पबहादुर खपाङ्गी मगर रहेको सूचनामा उल्लेख छ।

# उपहार योजनाले बढे विद्यालयमा विद्यार्थी

राधेश्याम कुशवाहा, सर्लाही

निजी विद्यालयप्रतिको बढ्दो आकर्षणका कारण सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी भर्ना दरलाई बढाउने उद्देश्यले गोडैता नगरपालिका-५ रामवनस्थित श्री जनता माध्यमिक विद्यालयले नयाँ अभियान शुरु गरेको छ।



विद्यालयले आफ्नै आन्तरिक स्रोतबाट 'उपहार योजना' सञ्चालन गर्दै कक्षा १ देखि ५ सम्म नयाँ भर्ना हुने पहिलो १ सय जना विद्यार्थीलाई झोला, कापी, कलम र पेन्सिलसहित शैक्षिक सामग्री वितरण गर्दा विद्यार्थी बढेका हुन्।

विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउने र सामुदायिक विद्यालयप्रति अभिभावक तथा विद्यार्थीको आकर्षण बढाउने उद्देश्यले यो योजना ल्याइएको विद्यालयका प्रधानाध्यापक ब्रह्मानन्द साह बताउनुहुन्छ। 'पछिल्लो समय निजी विद्यालयप्रतिको आकर्षण बढ्दै जाँदा सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना घटिरहेको छ। त्यसलाई मध्यनजर गर्दै विद्यालयले आफ्नै स्रोतबाट उपहार योजना सञ्चालन गरेको हो।' -उहाँले भन्नुभयो।

गत वर्ष विद्यालयमा ६४ जना नयाँ विद्यार्थी भर्ना भएका थिए। यस वर्ष भने उपहार योजनाको प्रभावले नयाँ विद्यार्थीको संख्या उल्लेखनीय रूपमा बढेको विद्यालयको दाबी छ। विद्यालयले कक्षा १ देखि ५ सम्म अध्ययनरत १ सय ४५ जना विद्यार्थीलाई प्रतिविद्यार्थी ४ सय रुपियाँका दरले छात्रवृत्ति पनि वितरण गरेको छ। छात्रवृत्ति प्राप्त गर्नेमा छात्रा तथा दलित समुदायका विद्यार्थी रहेका छन्।

यस विद्यालयमा माध्यमिक तहदेखि उच्च शिक्षासम्म शिक्षा, विज्ञान, कृषि तथा वाणिज्य संकायमा अध्यापन हुँदै आएको छ। विद्यालयले गुणस्तरीय शिक्षासँगै विद्यार्थी आकर्षित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

# झाडीले ढाकिएका बाँझो जमिनमा सुन्तला रोपण

अनिल खत्री, गुल्मी

वर्षौंदेखि बाँझो अवस्थामा रहेको जग्गा र जंगली झाडीले ढाकिएको क्षेत्रलाई उत्पादनशील बनाउने उद्देश्यसहित धुर्कोट गाउँपालिका-१ नयाँगाउँमा सामूहिक चक्लाबन्दीमा आधारित व्यावसायिक सुन्तला खेती शुरु गरिएको छ।

स्थानीय स्तरमै कृषि व्यवसायलाई प्रवर्द्धन गर्ने, बाँझो जमिनको सदुपयोग गर्ने तथा गाउँमै रोजगारी सिर्जना गर्ने लक्ष्यसहित चार जना कृषकले संयुक्त रूपमा ठूलो क्षेत्रफलमा सुन्तला खेतीको नमुना अभियान थालेका हुन्।

जिल्लामा कृषि व्यवसायमा सक्रिय ओखेनी कृषि फर्मका चन्द्र ताम्राकार, केबीसी कृषि फर्मका चन्द्र विक, आरएनपी एग्रो फर्मका प्रेम नेपाली तथा कृषक कविराज श्रेष्ठले संयुक्त रूपमा १ सय ४२ रोपनी जग्गा वार्षिक प्रतिरोपनी २ हजार ५ सय रुपियाँका दरले लिजमा लिएर सुन्तला खेती शुरु गरेका छन्। लामो समयदेखि उपयोगविहीन रहेको जमिनलाई एकीकृत रूपमा व्यवस्थापन गरी व्यावसायिक फलफूल उत्पादन गर्ने उद्देश्यले उनीहरूले सामूहिक लगानी र सहकार्यमा यो अभियान अघि बढाएका हुन्।

गाउँमा धेरै जमिन वर्षौंदेखि बाँझै रहँदा उत्पादन घट्दै गएको र खेतीयोग्य क्षेत्र जंगली झाडीले ढाकिँदै गएकाले युवा जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा कृषि क्षेत्र कमजोर बन्दै गएको अवस्था थियो। यही अवस्थालाई परिवर्तन गर्ने उद्देश्यले सामूहिक चक्लाबन्दी खेतीको अवधारणा अघि सारिएको कृषक प्रेम नेपालीले बताउनुभयो। एक्लाएक्लै खेती गर्दा लागत धेरै हुने र उत्पादन व्यवस्थापनमा कठिनाइ हुने भएकाले सामूहिक रूपमा खेती गर्दा श्रम, लागत र व्यवस्थापन सबै पक्ष प्रभावकारी हुने उहाँको कथन छ।

यस्तै, कृषक चन्द्र विकले वर्षौंदेखि बाँझो रहेको तथा जंगली झाडीले ढाकिएको जमिनलाई उत्पादनशील बनाउने उद्देश्यले जिल्लामै नमुना अभ्यासका रूपमा सुन्तला खेती शुरु गरिएको बताउनुभयो। धुर्कोट क्षेत्रमा सुन्तला खेतीको राम्रो सम्भावना भए पनि सिँचाइको अभाव, जंगली जनावरबाट हुने क्षति तथा प्रारम्भिक वर्षमा उत्पादन नआउने अवस्थाले कृषकलाई चुनौती थपिएको उहाँको भनाइ छ।

खेती शुरु गर्नुअघि झाडी फाँड्ने, जमिन सम्याउने, बाटो निर्माण गर्ने, बिरुवा रोप्न खाल्डा तयार गर्ने, मल व्यवस्थापन गर्ने लगायतका काममा ठूलो परिश्रम र लगानी गर्नुपरेको थियो। अहिले बगैंचा व्यवस्थापन, सिँचाइको वैकल्पिक व्यवस्था, घेराबार निर्माण तथा बिरुवाको संरक्षणमा विशेष ध्यान दिइएको छ। आगामी वर्षमा आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन वृद्धि गर्ने योजना पनि कृषकहरूको रहेको छ।

यसै गरी, स्थानीय मीना ताम्राकारले गाउँमै बसेर कृषि कर्म गर्न पाउँदा खुसी लागेको बताउनुभएको छ। सामूहिक खेतीले स्थानीयलाई रोजगारी उपलब्ध गराउनुका साथै कृषि पेशाप्रति आकर्षण बढाएको उहाँको कथन छ। पहिले उपयोगविहीन रहेको जमिन अहिले हरियाली बगैंचामा रूपान्तरण हुँदै गएको देख्दा स्थानीयमा उत्साह थपिएको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ गुल्मीका वरिष्ठ कृषि अधिकृत नवराज पण्डितले वर्षौंदेखि बाँझो रहेको जग्गालाई उत्पादनसँग जोड्दै स्वदेशमै राम्रो आम्दानी गर्न सकिने सन्देश यस अभियानले दिएको बताउनुहुन्छ। बाँझो जमिन मात्र नभई जंगली क्षेत्रलाई समेत व्यवस्थित गरी सामूहिक रूपमा सुन्तला खेती गर्नु जिल्लाकै लागि सकारात्मक र अनुकरणीय अभ्यास भएको उहाँको धारणा छ।

## हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

HULAS FINSERV HIRE PURCHASE LTD.

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड कार्यालय, त्रिपुरेश्वर -११, काठमाडौं
फोन नं. ०१-५९७०७५९

### धितोमा रहेको चल सम्पत्ति (सवारी साधन) लिलाम बिक्री सम्बन्धी पुनः गोप्य शिलबन्दी बोलपत्र आह्वानको २१ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८३/03/२४**

यस कम्पनीबाट तपसिलमा उल्लेखित ऋणीहरुले हायर पर्चेज कर्जा उपभोग गर्न कम्पनीको रजिष्टर्ड कार्यालय (का.म.न.पा.११, त्रिपुरेश्वर, काठमाण्डौं) बाट सवारी साधन धितो राखी कर्जा लिएकोमा, समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याँज आदि नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लघंन गरेको र पटक-पटक लिखित एवं मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले मिति २०८२/१२/२५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी कर्जा भुक्तानी गर्न आह्वान गरिएको थियो । सो अवधिमा समेत ऋण चुक्ता नगरेकाले धितोमा रहेको चल सम्पत्ति लिलाम बिक्रीका लागि मिति २०८३/०२/३१ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा, उक्त अवधिभित्र कोही कसैको पनि बोलपत्र पर्न नआएको हुनाले आज यो पुनः २१ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लेखित ऋणीहरूले आजका मितिसम्म पनि उक्त कर्जाको साँवा र सोमा लागेको ब्याँज चुक्ता भुक्तान गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुँदा, धितो सुरक्षणमा रहेको चल सम्पत्ति (सवारी साधन) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा यो सूचना प्रकाशन भएको २२ औं दिनमा तपसिलमा उल्लेखित स्थान र मितिमा लिलाम बिक्री गरिनेछ ।

शिलबन्दी बोलपत्र मार्फत लिलाम प्रक्रियामा भाग लिन इच्छुक महानुभावहरूलाई धितो सुरक्षण (Mortgage) मा रहेको सवारी साधनको हकमा यातायात व्यवस्था/सेवा कार्यालयले तोकिदिएको निर्देशन तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम बिक्री गरिने बारे यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै, सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि कम्पनीको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित नेपाल कानुन अनुसार ऋणी, ऋणी कम्पनी, ऋणी कम्पनीका संचालकहरु, तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बाँकी कर्जा रकम असुल उपरका लागि उपयुक्त कानुनी उपचार मार्फत सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित पक्षसँग मागदाबी गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| | | |
|---|---|---|
| १ | नामः रेमन्त बहादुर खड्का<br>ना.प्र.न. ६७२५७, जि.प्र.का. कैलाली जारी मितिः २०६२/०९/०४<br>ठेगाना : कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा न. ०६<br>बाजेको नाम : मनिराज खड्का<br>बाबुको नाम : कर्ण बहादुर खड्का<br>जमानीकर्ताको विवरणः<br>नामः दिपेन्द्र शाही<br>ना.प्र.न. ६७-०६-७४-००१५५, जि.प्र.का. कैलाली जारी मितिः २०७४/०१/११<br>ठेगाना : कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा न. ०६<br>बाजेको नाम : धवल बहादुर शाही<br>बाबुको नाम : राम बहादुर शाही | Nissan Datsun Redigo<br>च्यासिस नं. : MDHFBACDOH8804612<br>ईन्जिन नं.: E077847<br>न्यूनतम मूल्य : ५,५०,०००।-<br>रंगः Red<br>बनेको साल : २०१७<br>सवारी दर्ता नं. बा १९ च ४१९४<br>हायर पर्चेज कर्जा |
| २ | नामः बिरेन्द्र बहादुर बस्नेत<br>ना.प्र.न. ६२१०१६/१४९, जि.प्र.का. जाजरकोट जारी मितिः २०६६/०४/२३<br>ठेगाना : जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा न. ०८<br>बाजेको नाम : मान बहादुर बस्नेत<br>बाबुको नाम : काली बहादुर बस्नेत<br>जमानीकर्ताको विवरणः<br>नामः लिला थापा (बस्नेत)<br>ना.प्र.न. ६२१०१६/५४३, जि.प्र.का. जाजरकोट, जारी मितिः २०६९/४/८<br>ठेगाना : जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा न. ०८<br>बाजेको नाम : धन बहादुर थापा<br>बाबुको नाम : हरि बहादुर थापा | Mahindra Scorpio<br>च्यासिस नं. : MA1TY4HSNE6B69192<br>ईन्जिन नं.: HSE4B22605<br>न्यूनतम मूल्य : १३,००,०००।-<br>रंगः SILVER<br>बनेको साल : २०१४<br>सवारी दर्ता नं. भे १ च ४८४५<br>हायर पर्चेज कर्जा |

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित व्यक्तिका नामहरु ऋणीको परिचय खुलाउने प्रायोजनको लागि मात्र प्रयोग गरिएको लिलाम बिक्री सम्बन्धि अन्य शर्तबन्देजहरुः

१. बोलपत्र सम्बन्धि शर्तबन्देजहरु सहितको फाईल हुलास फिनसर्भ हायर पर्चेज लि. को रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौं तथा नेपालगञ्ज उप.म.न.पा. वडा नं. १८, बाँके, कारकाँदो कार्यालयबाट प्राप्त गर्न सकिनेछ, फोटोकपिलाई मान्यता दिईने छैन ।
२. प्राप्त बोलपत्रहरु कम्पनीले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धि जानकारी आवश्यक भएमा नेपालगञ्ज उप.म.न.पा. वडा नं. १८, बाँके, कारकाँदो अवस्थित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहोला ।
४. सकार गरी लिन चाहेको सवारी साधन बोलपत्र पेशगर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ बजे (सो दिन सार्वजनिक विदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) शर्त नं. १ अनुसारको शाखा कार्यालयमा खोलिने हुँदा उक्त दिन ऋणी धनजमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. उक्त सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
६. सकार गरी लिन चाहेको सवारी साधन के कति रकममा लिन चाहेको हो सोको अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । प्रति एकाई अधिकतम् मूल्य भूक्तानी कर्ता बोलपत्रलाई प्रथम मान्यता दिईनेछ ।
७. आफुले कबोल गरेको कुल रकमको ५ प्रतिशत हुन आउने धरौटी रकम बापत यस हुलास फिनसर्भ हायर पर्चेज लि.को नाममा एभरेष्ट बैंक, शाखा कार्यालय टेकु, काठमाण्डौंमा रहेको चल्ती खाता नं. ०१०००१०५२००४२६ मा जम्मा गरी नगद जम्मा गरेको भौचर समेत शिलबन्दी बोलपत्रका साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
८. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कम्पनीको कार्यालय खुलेको मध्यान्न १२:०० बजेसम्म बोलपत्र बूझाउन सकिनेछ ।
९. शिलबन्दी बोलपत्र कम्पनीले तोकेको सम्पर्क स्थानमा बोलपत्रदाता र निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।
१०. लिलाम सकार गर्ने व्यक्तिले कम्पनीबाट लिलाम स्वीकृत भएको सूचना प्राप्त गरेको ७ (सात) दिन भित्र बांकी रकम बूझाई उक्त सवारी साधन आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया सुरु गर्नुपर्नेछ वा करारनामा गरी भूक्तानी प्रक्रिया तय गरिसकेको हुनुपर्नेछ । शर्त अनुसार तोकिएको समय भित्र करारनामा गरी सवारी साधनहरुको नामसारी प्रक्रिया सुरु गर्नुपर्नेछ।
११. सवारी साधन नामसारी भईसके पश्चात साविकको भोगचलन कर्ताबाट हकभोग छुटाई सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित बिक्रेताको हुनेछ सो कार्यमा खरिदकर्ताले आवश्यक सहयोग गर्नेछ ।
१२. प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा शिलबन्दी बोलपत्रमा तोकिएको न्यूनतम् रकम भन्दा कममा बोलपत्र पेश भएमा कम्पनीले प्रचलित ऐन, कानुन तथा आफ्नो नियम अनुसार उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।

बोलपत्र पेशगर्ने अन्तिम मितिः २०८३/४/१२ गते, मगलबार ३:०० बजे सम्म ।
बोलपत्र खोलिने मितिः २०८३/४/१३ गते, बुधबार (सार्वजनिक बिदा परेमा सोको भोली पल्ट) ।
समयः दिनको १२:०० बजे ।
स्थानः नेपालगञ्ज उप.म.न.पा. वडा नं. १८, बाँके, कारकाँदो अवस्थित कार्यालय ।
पुनश्चः उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै एकाईस दिने अतिरिक्त म्यादै भित्र शिघ्र कर्जा भूक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पूनः अनुरोध छ । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा कम्पनी आफैंले सकार गर्दा समेत साविकमा कम्पनीबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा कम्पनी आफैंले सकार गरि लिएमा पछि हाम्रो सम्पत्ति/धनमालको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा कम्पनी आफैले सकार गरि लियो भनी कहिं कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सवारी साधन बिक्री गर्दा वा पुनःमुल्यांकन गरि कम्पनी आफैंले सकार गर्दा समेत कम्पनीको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य चल श्रीसम्पत्तिबाट समेल असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

### नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८३/०१/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **हरिती इन्टरनेशनल प्रा.लि.** (प्रा.लि.नं. ९४९९३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०३/०८ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **के.ए.आर.एल. होल्डिङ्स प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Triveni Byapar Co. Pvt. Ltd**. कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| SR No. | Description | SIZE | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LED TV | 55 INCH | AKARITEK | AK-55TZN | N/A | INDIA | PCS | 84,314 | 84,314 |
| 2 | LED TV | 32 INCH | AKARITEK | AK-32SGS | N/A | INDIA | PCS | 22,876 | 22,876 |
| 3 | LED TV | 32 INCH | YASUDA | YS-F32GS | N/A | INDIA | PCS | 27,451 | 27,451 |
| 4 | LED TV | 43 INCH | YASUDA | YS-F43GS | N/A | INDIA | PCS | 44,444 | 44,444 |

**विक्रेता फर्मको नाम** : *Triveni Byapar Co. Pvt. Ltd.*
**ठेगाना** : *Putalisadak, Kathmandu*
**प्यान नं.** : *300058143*
**फोन नं.** : *01-4242317*

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Aero Zone Pvt. Ltd.** कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| SR No. | Description | Size | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | 200 L | AERO | AER200RLF | N/A | India | PCS | 32,026 | 32,026 | |
| 2 | REFRIGERATOR | 200 L | AERO | AER200BLF | N/A | India | PCS | 32,026 | 32,026 | |
| 3 | REFRIGERATOR | 180 L | AERO | AER180GBF | N/A | India | PCS | 27,712 | 27,712 | |
| 4 | REFRIGERATOR | 180 L | AERO | AER180GRF | N/A | India | PCS | 27,712 | 27,712 | |

**विक्रेता फर्मको नाम** : Aero Zone Pvt. Ltd.
**ठेगाना** : Putalisadak-28, Kathmandu
**भ्याट नं.** : 606813295
**फोन नं.** : 01-4515581